"समाजबाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एंव दिगो शैक्षिक पुर्वाधार"

visit nepal 2020

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना २०७३

पत्र संख्या : २०७६/७७ (शिक्षा, युवा तथा खेलकुद शाखा) मिति : २०७६/११/०६
चलानी नं. शि. १२०

विषय : निर्देशन सम्बन्धमा ।

श्री विद्यालयहरु सबै
मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा मिति मिति २०७६/११/०५ गते श्री इन्द्रेश्वरी माध्यमिक विद्यालय मेलम्ची नगरपालिका, सिन्धुपाल्चोकमा बसेको प्रधानाध्यापकमा बैठकमा छलफल भए अनुसार तपसिल अनुसार गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

**तपसिल :**

१) सबै सामुदायिक विद्यालयहरुले सम्बन्धित लिडर विद्यालय मार्फत मिति २०७६/११/२५ गते सम्म तेस्रो त्रैमासिक माग फाराम शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेको ढाँचामा पेश गर्नुहुन,

२) किशोराअवस्थाका महिनावारी हुने उमेर समुहका छात्राहरु अध्ययनरत सबै सामुदायिक विद्यालयहरुले सेनिटरी प्याड ( वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालय स्तरीय सेनिटरी प्याड वितरण व्यवस्थापन समिति गठन गरी सोको जानकारी तथा छात्राहरुको तथ्यांक एकिन गरी फाल्गुण १५ गते भित्र यस कार्यालयमा पेश गर्नुहुन एवम् विद्यालय स्तरीय सेनिटरी प्याड वितरण व्यवस्थापन समितिमा विद्यालय सम्पर्क व्यक्ति तोक्दा उपलव्ध भए सम्म अनिवार्य रुपमा महिला शिक्षकलाई तोक्नुहुन,

३) कक्षा ८ सञ्चालनमा रहेका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले यस कार्यालयले उपलव्ध गराएको फाराम तथा समष्टिगत विवरण भरी फाल्गुण १५ गते भित्र पेश गर्नुहुन,

४) कक्षा ८ सञ्चालनमा रहेका विद्यालयहरुले EMIS विवरण अध्यावधिक गरी विद्यार्थीको नामथर, जन्ममिति, बाबुआमाको नामथर लगायतका विवरणहरु पछिसम्म फरक नपर्ने गरी भर्नुभराउनुहुन अनुरोध छ । EMIS विवरण अनुसार नै विद्यार्थीको ग्रेडशिट तयार हुने भएकोले विवरण फरक परी कुनै समस्या परेमा स्वयम् विद्यार्थी तथा सम्बन्धित विद्यालयका प्रधानाध्यापक जिम्मेवार हुनुपर्ने छ ।

५) अनुगमनका क्रममा कतिपय विद्यालयका शिक्षकहरु तोकिएको समयमा विद्यालयमा उपस्थित नहुने, विद्यालयमा उपस्थित भए पनि शिक्षण सिकाईमा सक्रिय रुपमा सहभागी नहुने, विद्यालयमा पूरा समय नबिताउने लगायतका समस्या देखिएकोले सो समस्या तत्कालै समाधानका लागि आवश्यक पहल कदमी लिनुहुन,

६) विद्यालयका शिक्षक तथा कर्मचारीको लागि पोशाक भत्ता उपलब्ध गराउदै आइएकोमा अनुगमनका क्रममा कतिपय विद्यालयका शिक्षक तथा कर्मचारीहरु तोकिएको पोशाकमा विद्यालयमा उपस्थित नभएको पाइएकोले पुनः अनुगमनका क्रममा त्यस्तो अवस्था नदेखिने गरी व्यवस्था मिलाउनुहुन अनुरोध छ । अन्यथा त्यस्ता शिक्षक तथा कर्मचारीको पोशाक भत्ता वापतको रकम निकासा गर्न कार्यालय बाध्य हुने छैन ।

७) अनुगमनका क्रममा कतिपय विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरु नियमानुसार विदा स्वीकृती नगरी अनुपस्थित हुने देखिएकोले नियमानुसार विदा स्वीकृति गरी सोको अभिलेख व्यवस्थापन गर्नुहुन अनुरोध छ । अनुगमनका क्रममा नियमानुसार विदा स्वीकृति गरेको नपाइएका गएल भए सरह मानिने छ ।

श्री सूचना तथा प्राविधि शाखा ! Website मा अपलोड गरिदिनुहुन ।

२०७६।११।०६

सुधिन राज बुढाथोकी
सुधिनराज बुढाथोकी
अधिकृत सातौं

फोन नं :०११-४०११४१ वेबसाईड : www.melamchimun.gov.np ई-मेल melamchimun@gmail.com फ्याक्स :-०११-४०१०८९

"Literacy and skills Development"